प्रस्तुत छन् प्रमुख समाचार

- देशभरि सतातरौं गणतन्त्र दिवस हर्षोल्लास र देशभक्तिका साथ पालन
- अश्विनी वैष्णवले भन्नुभयो, मन की बात सबै वर्गको योगदानलाई पहिचान र प्रोत्साहन गर्ने महत्त्वपूर्ण मञ्च
- गणतन्त्र दिवसको अवसरमा विश्व नेताहरूले दिए भारतवासीलाई बधाई एवं शुभकामना
- प्रधानमन्त्रीले भन्नुभयो, भारतले गऱ्यो उत्साह र गर्वका साथ गणतन्त्र दिवस पालन अनि
- कृषि मन्त्रीअनुसार सरकारले दालहरूको न्यूनतम समर्थन मूल्यमा शतप्रतिशत खरिद सुनिश्चित गर्न काम गरिरहेछ

-----------

- Republic Day 2026

राष्ट्रले आज सतातरौं गणतन्त्र दिवस हर्षोल्लास र देशभक्तिका साथ पालन गऱ्यो। राष्ट्रपति द्रौपदी मूर्मुले नयाँ दिल्लीको कर्तव्य पथबाट गणतन्त्र दिवस समारोहको नेतृत्व गर्नुभयो। समारोहको शुरूमा प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय समर स्मारकमा पुगेर शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।
राष्ट्रपति श्रीमती मूर्मु परेडका मुख्य अतिथिहरू यूरोपेली परिषदका अध्यक्ष एन्टोनियो कोस्टा र यूरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनसित एउटा औपचारिक बग्गीमा कर्तव्य पथ पुग्नुभयो। उहाँले राष्ट्रिय ध्वजोत्तोलन गरेपछि राष्ट्रगान हुनका साथै एक्काइस तोपको सलामी दिइयो।
कर्तव्य पथमा आयोजित गणतन्त्र दिवस परेडमा भारतको सांस्कृतिक विविधता र सैन्य शक्तिको अद्भुत संगम देखियो। यस वर्ष गणतन्त्र दिवसको विषय हो 'स्वतन्त्रताको मन्त्र: वन्दे मातरम' र 'समृद्धिको मन्त्र: आत्मनिर्भर भारत'। परेडमा विभिन्न राज्य, केन्द्रशासित प्रदेश र केन्द्रिय मन्त्रालय अनि विभागका तीसवटा झाँकीको प्रदर्शन गरियो। यी झाँकीहरूमा राष्ट्रिय गीत वन्दे मातरमको एक सय पचास वर्ष र सबै क्षेत्रमा बढ्दो आत्मनिर्भरताको बलमा देशको तीव्र प्रगतिको अनौंटो मिश्रणलाई प्रदर्शित गर्दै देशको सांस्कृतिक विविधतालाई दर्शाइयो। अपरेशन सिन्दूरअवधि भारतीय सेनाका प्रमुख हथियार प्रणालिको प्रतिकृति प्रदर्शित गर्ने त्रि-सेवा झाँकी, परेडको मुख्य आकर्षणका रूपमा थियो। ब्रह्मोस र आकाश हथियार प्रणालि, गहन मारक क्षमता भएको रकेट

लञ्चर 'सूर्यास्त्र' र मुख्य युद्धक ट्याङ्क अर्जुन ती प्रमुख सैन्य प्लेटफर्ममा शामेल थिए, जसलाई आज कर्तव्य पथमा आयोजित परेडमा देखाइयो।
राष्ट्रपति श्रीमती मुर्मुले भारतीय वायु सेनाका ग्रुप क्याप्टन शुभान्शु शुक्लालाई भारतको सर्वोच्च शान्तिकालीन वीरता पुरस्कार अशोक चक्रले सम्मानित गर्नुभयो। कार्यक्रमको समापन राफेल, Su-30, C-295, मिग-29, अपाचे आदिसहित भारतीय वायु सेनाका उन्तीसवटा विमानको फ्लाईपास्टका साथ भयो। परेडअवधि दुई हजार पाँच सयभन्दा अधिक कलाकारहरूले सांस्कृतिक प्रस्तुति दिए।

---------------------------------------X---------------------------------------

- Vaishnava - Akashvani

आकाशवाणीले आज नयाँ दिल्लीस्थित आफ्नो मुख्यालयमा गणतन्त्र दिवस मनायो। यस अवसरमा सञ्चारकर्मीसित कुरा गर्दै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीको 'मन की बात' कार्यक्रम समाजका सबै वर्गका सकारात्मक योगदानलाई पहिचान र प्रोत्साहन गर्ने महत्त्वपूर्ण मञ्चका रूपमा विकसित हुँदै गएको बताउनुभयो। उहाँले भन्नुभयो.................
समारोहमा सूचना तथा प्रसारण राज्य मन्त्री डाक्टर L मुरुगन, मन्त्रालयका सचिव सञ्जय जाजु, प्रसार भारतीका प्रमुख कार्यकारी अधिकारी गौरव द्विवेदी लगायत विशिष्ट व्यक्तिहरू सहभागी बने। यसअघि आकाशवाणीका महानिर्देशक राजीव कुमार जैनले आकाशवाणी भवनमा राष्ट्रिय झण्डा फहराउनुभयो।

---------------------------------------X---------------------------------------

- World Leaders - Republic Day

यसैक्रममा, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, चिनका राष्ट्रपति सी जिनपिङ र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले गणतन्त्र दिवसको शुभकामना व्यक्त गर्नुभएको छ। राष्ट्रपति श्री ट्रम्पले भारत-अमेरिकालाई विश्वका सबैभन्दा पुरानो र ठूलो लोकतन्त्र बताउँदै वैश्विक संवादमा भारतको बढ्दो भूमिकाको प्रशंसा गर्नुभयो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले रक्षा, ऊर्जा, महत्त्वपूर्ण खनिज र उदीयमान प्रविधिमा भारत-अमेरिकाको सहकार्य बलियो रहेको बताउनुभयो।

चिनका राष्ट्रपति श्री जिनपिङले राष्ट्रपति द्रौपदी मुर्मुलाई बधाई सन्देश पठाउँदै चीन-भारत सम्बन्धमा सुधार आएको र यो दुवै देशका हितमा रहेको उल्लेख गर्नुभएको छ। उहाँले विश्व शान्ति र समृद्धिका लागि द्विपक्षीय सम्बन्ध महत्त्वपूर्ण रहेको बताउनुभयो।

फ्रान्सका राष्ट्रपति श्री म्याक्रोनले सामाजिक सञ्चालमार्फत गणतन्त्र दिवसको शुभकामना दिँदै प्रधानमन्त्री श्री मोदीसित 2024-मा पचतरौं गणतन्त्र दिवस समारोहको एउटा पुरानो सेल्फी साझा गर्नुभयो, जसअवधि उहाँ प्रमुख अतिथि हुनुहुन्थ्यो।

यसै सिलसिलामा, युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले यस वर्षको समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुन पाउनु जीवनकै सम्मान भएको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- PM Republic Day

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, भारतले उत्साह र गर्वका साथ गणतन्त्र दिवस पालन गऱ्यो। सोशल मिडिया पोस्टमा प्रधानमन्त्रीले भन्नुभयो, कर्तव्य पथमा भव्य परेडमा देशको लोकतन्त्रको शक्ति, सांस्कृति समृद्धि र राष्ट्रलाई एकै साथ बाँधेर राख्ने एकताको प्रदर्शन भयो। उहाँले भन्नुभयो, परेडमा भारतको अभेद्य सुरक्षा तन्त्र पनि प्रदर्शन गरियो, जसले राष्ट्रको तयारी, प्रौद्योगिक क्षमता र आफ्ना नागरिकको सुरक्षाप्रति अटूट प्रतिबद्धतालाई दर्शाउँदछ। प्रधानमन्त्रीले गणतन्त्र दिवस समारोहमा युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनलाई आतिथ्यता प्रदान गर्ने सम्मान देशलाई प्राप्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, यी नेताहरूको उपस्थिति भारत-यूरोपेली संघको प्रगाड़ बन्दै गरेको साझेदारी र साझा मूल्यप्रति प्रतिबद्धताको परिचायक हो। श्री मोदीले भन्नुभयो, यी दुवै नेताहरूको यात्राबाट भारत र समग्र यूरोपबीच विभिन्न क्षेत्रमा सम्पर्क र सहयोग प्रगाढ गर्ने दिशालाई गती मिल्नेछ।

--------------------------------------X--------------------------------------

- Shivraj Farmer

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले घोषणा गर्दै भन्नुभयो, सरकारले अरहर, मसुर र उडदसहित दालहरूको न्यूनतम समर्थन मूल्यमा शतप्रतिशत खरिद सुनिश्चित गर्नमा काम गरिरहेको छ। नयाँ दिल्लीमा सतातरौं  गणतन्त्र दिवसको अवसरमा विशेष रूपमा आमन्त्रित किसानहरूसितको कुराकानीमा उहाँले यो जानकारी दिनुभयो।
मन्त्री श्री चौहानले कृषि भारतीय अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै लगभग सत्तरी प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा निर्भर रहेको बताउनुभयो। उहाँले भन्नुभयो, भारत, चीनलाई पछि पार्दै विश्वकै सबैभन्दा ठूलो चामल उत्पादक बनेको छ र

चामल निर्यात प्रतिबन्ध हटाइएकाले किसानले विशेषगरी बासमती चामलमा राम्रो मूल्य पाएका छन्। श्री चौहानले घरेलु उत्पादकको संरक्षणका लागि दालमा तीस प्रतिशत आयात शुल्क लगाइएको पनि जानकारी दिनुभयो।

प्रधानमन्त्री फसल बीमा योजनालाई थप सुदृढ बनाइएको बताउँदै मन्त्री श्री चौहानले जंगली जनावर र जलभरावबाट हुने क्षतिलाई पनि बीमा दायरामा ल्याउने तयारी भइरहेको बताउनुभयो। निर्धारित समयभन्दा ढिलो दाबी भुक्तानी भएमा बीमा कम्पनीले बाह्र प्रतिशत ब्याज तिर्नुपर्ने व्यवस्था गरिनेछ।

डिजिटल सुधारअन्तर्गत किसानका लागि किसान पहिचान पत्र शुरू गरिने, जसले ऋण, बीमा र कल्याणकारी योजनामा पहुँच सहज बनाउने बताउँदै कृषि मन्त्रीले भन्नुभयो...........

--------------------------------------X--------------------------------------

- VP Sundaram

उपराष्ट्रपति CP राधाकृष्णनले आज केन्द्रिय शास्त्रीय तमिल संस्थानका पूर्व उपनिदेशक र तमिल विद्वान डाक्टर ज्ञानसे सुन्दरमको निधनमा शोक व्यक्त गर्नुभयो। सोशल मिडियामा एउटा पोस्टमा उपराष्ट्रपतिले भन्नुभएको छ, सुन्दरमले हजारौं छात्रहरूलाई तमिल भाषाप्रति प्रेमका लागि प्रेरित गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Delhi India Color Festival

भारत रंग महोत्सवको पच्चीसौं संस्करण भोलीदेखि राजधानी र देशका अन्य शहरहरूमा आयोजन गरिनेछ। राष्ट्रिय नाट्य विद्यालयद्वारा आयोजन गरिने यस महोत्सवको यस वर्षको विषय हो- संवाद, संस्कृतिको हो। यस महोत्सवमा एउटा समृद्ध श्रृंखला देखाइनेछ, जसमा नृत्य र अभिनय रंगमंच, कठपुतली रंगमंच र पारंपरिक रंगमंच रूप शामेल छन्। यस महोत्सवमा तेंतीसजना महिला निर्देशकद्वारा निर्देशित नाटक देखाइनेछ। महोत्सवमा समाजका विभिन्न वर्गका मानिसहरू सहभागी बन्नेछन्, जसमा दिव्यांगजन, ट्रान्सजेन्डर समुदाय र स्थानीय समूहको रंगमंचलाई पनि शामेल गरिएको छ।

--------------------------------------X--------------------------------------

- OCA - New President

भारतीय खेल प्रशासक रणधीर सिंहको एशियाई ओलम्पिक परिषद (OCA) अध्यक्षका रूपमा कार्यकाल आज स्वास्थ्य कारणले समयभन्दा अघि समाप्त भयो। OCA-का सदस्यहरूले आज ताशकेन्टमा आयोजित आफ्नो आम सभामा शेख जोआन बिन हमद अल थानीलाई आफ्ना अध्यक्ष चयन गरे।

सितम्बर 2024-मा नयाँ दिल्लीमा आयोजित OCA-को चौंवालीसौं आम सभामा श्री सिंह OCA अध्यक्षका रूपमा चयनित हुने पहिलो भारतीय हुनुहुन्थ्यो। उहाँको कार्यकाल 2028-सम्म चार वर्षको थियो। यस समय OCA अध्यक्षको पद महत्वपूर्ण छ, किनभने यस वर्षको अन्तमा जापानमा एशियाई खेल आयोजन हुन गइरहेछ।

--------------------------------------X--------------------------------------